# नेपाल हाईड्रो डेभलोपर लिमिटेड
## डिल्लीबजार, काठमाण्डौं, नेपाल

## वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/०९/०३)

आदरणिय शेयरधनी महानुभावहरु

यस कम्पनीको मिति २०७९/०९/०१ मा बसेको सञ्चालक समितिको ७६ औं बैठकको निर्णयानुसार यस कम्पनीको १६औं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न लिखित प्रस्ताव उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७९ पौष २९ गते (जनवरी १३, २०२३)
समय : विहान ११ बजे
स्थान : लिसारा रिसेप्सन्स, नक्साल, काठमाण्डौं ।

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७८/०७९ को वार्षिक आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक वित्तीय विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु) छलफल गरी पारित गर्ने ।

३. लेखा परीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु. ३१,९९,३०,०००/- को ०.२६३२ प्रतिशतका दरले हुन आउने रु. ८,४१,९२१.०५ बराबरको नगद लाभांश (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

५. चार (४) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/०७९ सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजीको ५ प्रतिशतका दरले हुन आउने रु. १,५९,९६,५००/- बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. बोनश शेयर निष्काशन प्रयोजनका लागि कम्पनीको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने तथा सोही अनुरुप प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने ।

३. बोनश शेयर जारी गर्ने लगायतका कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, लगायतका नियमनकारी निकायका निर्देशन बमोजिम कम्पनीको स्वीकृत प्रबन्धपत्र तथा नियमावलीमा थप संशोधन गर्नु पर्ने भएमा गर्न वा अन्य आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग. विविध :**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**नोट : साधारणसभा सम्बन्धी अन्य जानकारी मिति २०७९/०९/०३ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचनामा उल्लेख गरिएको छ ।**